**प्रदेश राजपत्र**

**प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ३) बुटवल, रूपन्देही, बैशाख २३ गते, २०७६ साल (अतिरिक्ताङ्क ९**


**भाग १**

**प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना**

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ७

**<u>प्रदेश नं. ५ मल व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** गुणस्तरीय मल उत्पादन, बिक्री वितरण तथा आपुर्तिलाई व्यवस्थित तथा नियमन गर्न, कृषि उत्पादनमा वृद्धि गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन जारी गरेको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश नं. ५ मल ऐन, २०७५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः-

(क) “जिल्ला मल व्यवस्थापन समिति” भन्नाले यस ऐनको दफा ७ अनुसारको समितिलाई सम्झनु पर्छ।

(ख) “निरीक्षक” भन्नाले यस ऐनको दफा १९ अनुसार नियुक्त मल निरीक्षकलाई सम्झनु पर्छ।

(ग) "प्रदेश मल व्यवस्थापन समिति" भन्नाले दफा १२ अनुसारको प्रदेश मल व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(घ) “प्राङ्गारिक तथा जैविक मल” भन्नाले कृषि वालीका लागि आवश्यक पोषणतत्त्व उपलव्ध गराउनका लागि बोट विरुवा वा जीवजन्तुका मलमूत्र कुहाएर वा सुक्ष्म जीव प्रयोग गरेर तयार गरिएका कार्वनयुक्त पदार्थलाई जनाउँछ ।

(ङ) “मन्त्रालय” भन्नाले कृषि सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालय सम्झनु पर्छ ।

(च) "मल" भन्नाले ठोस वा तरल रुपमा रहेका प्राङ्गारिक, जैविक, सूक्ष्म तत्वयूक्त मल तथा रासायनिक मललाई सम्झनु पर्छ।

(छ) "मान्यता प्राप्त प्रयोगशाला" भन्नाले प्रदेश माटो परीक्षण प्रयोगशालाबाट माटो तथा मल परीक्षण गर्ने मान्यता पाएको प्रयोगशाला सम्झनु पर्छ ।

(ज) "आधुनिक प्रयोगशाला" भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहेको प्रयोगशाला सम्झनु पर्छ ।

(झ) "विश्लेषक" भन्नाले प्रदेश मन्त्रालयबाट तोकिएको व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ञ) "रासायनिक मल" भन्नाले कृषि वालीमा आवश्यक पोषणतत्त्व उपलव्ध गराउनका लागि बोटविरुवा वा माटोमा प्रयोग गर्न कृत्रिम रासायनिक प्रकृयावाट उत्पादन गरिएको मल सम्झनु पर्छ।

(ट) "सचिव" भन्नाले प्रदेश नं. ५ को कृषि सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालयको सचिव सम्झनु पर्छ।

## परिच्छेद - २

## मल उत्पादन र आयात

३. **आयात अनुमतिः** मल आयात सम्बन्धी पुरा गर्नु पर्ने सबै प्रावधानहरु प्रचलित कानून बमोजिम हुनेछ।

४. **मल उत्पादन अनुमति लिनुपर्नेः** (१) मल उत्पादकले अनुमति लिएर मात्र मल उत्पादन गर्न पाउने छ।

(२) मल उत्पादन गर्न चाहने फर्म वा कम्पनिले मन्त्रालयवाट अनुमति लिनु पर्नेछ ।

(३) अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## मल वितरण तथा मौज्दात सम्बन्धी व्यवस्था

५. **अनुमति सम्बन्धी व्यवस्थाः** मल बिक्री वितरण गर्न चाहने इच्छुक व्यक्ति वा संस्थाले सम्बन्धित स्थानीय तहबाट तोकिए वमोजिम मल बिक्रिको अनुमति लिनु पर्नेछ ।

६. **अनुमति पत्रको नविकरणः** (१) मल बिक्री वितरण अनुमति पत्र प्रत्येक दुई वर्षमा नविकरण गर्नुपर्नेछ ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **जिल्ला मल व्यवस्थापन समितिको गठनः** जिल्ला भित्र देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी जिल्ला मल व्यवस्थापन समिति गठन हुनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति -अध्यक्ष

(ख) अधिकृत स्तरको प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) अध्यक्ष, जिल्ला सहकारी संघ -सदस्य

(घ) मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाका एकजना विज्ञ -सदस्य

(ङ) व्यवसायिक किसानका तर्फबाट महिला/पुरूष एक/एक जना -सदस्य

(च) प्रमुख, कृषि ज्ञान केन्द्र -सदस्य-सचिव

८. **जिल्ला मल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लालाई आवश्यक पर्ने मलखादको आधार क्षेत्र निर्धारण गरी समयमै प्रक्षेपण गर्ने,

(ख) अनुदान प्राप्त भएको वा अन्य तरिकाले प्राप्त भएको मलको वितरण व्यवस्था मिलाउने,

(ग) जिल्ला भित्र मल ढुवानीका लागि ढुवानी दर निर्धारण गर्ने,

(घ) बिक्री प्रयोजनको प्राङ्गारिक, रासायनिक वा अन्य मलको गुणस्तर जाँचको व्यवस्था मिलाउने,

(ङ) मलखाद नियमानुसार वितरण भए नभएको अनुगमन गर्ने,

(च) मलखाद सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने गराउने।

९. **मल वितरण सम्बन्धी व्यवस्थाः** (१) गैह्र अनुदानित मलको हकमा प्रदेशस्थित तोकिए बमोजिमका थोक बिक्रेतालाई प्राप्त हुने मल बिक्रेताको अनुमति प्राप्त व्यक्ति डिलर वा सहकारी मार्फत विक्री वितरणको व्यवस्था गरिनेछ।

(२) अनुदानित मलको हकमा समितिले जिल्लागत रुपमा छुट्याएका अनुदानका मलहरुको परिमाणात्मक कोटालाई सम्बन्धित जिल्ला मल व्यवस्थापन समितिको सिफारिसको आधारमा कृषि सहकारी संस्था मार्फत वितरण गरिनेछ।

तर, कृषि सहकारी संस्था उपलव्ध नभएमा कृषक समूहहरुद्वारा समेत वितरण गर्न सकिनेछ ।

(३) एकै समयावधिमा कुनै एक मल वितरक संस्थाले अनुदानको मल र गैर अनुदानको मल विक्री गर्न पाउने छैन ।

(४) दुर्गम र भौगोलिक रूपमा विकट स्थानको लागि अनुदान र वितरणको विशेष व्यवस्था गरिने छ ।

(५) अनुदान दिने मलका प्रकार र अनुदानको मलको परिमाण र अन्य आवश्यक विषयहरू प्रदेश सरकारले तोके वमोजिम हुनेछ।

१०. **अनुदानको मल वितरण सम्बन्धी विशेष व्यवस्थाः** (१) अनुदानित मल विक्री गर्न सहकारी संस्थाले थप गर्ने ढुवानी र लोड अनलोडको अधिकतम् खर्च जिल्ला मल व्यवस्थापन समितिले तोक्नेछ।

(२) तोकिएको ढुवानी र लोड अनलोडको अधिकतम् खर्चभन्दा वढी रकम लिई अनुदानित मल विक्री वितरण गर्ने सहकारी संस्थाको इजाजत पत्र खारेज गरिनेछ।

११. **मौज्दात राख्नु पर्नेः** दफा ९(१) बमोजिम तोकिएका थोक विक्रेताले अघिल्लो आर्थिक वर्षको विक्री परिमाणको न्यूनतम् पन्ध्र प्रतिशत मल मौज्दातको रुपमा राख्नु पर्नेछ।

## परिच्छेद - ४
## समिति तथा सङ्गठन सम्बन्धी व्यवस्था

१२. **मलको आपूर्ति तथा वितरणः** प्रदेशभित्र मलको आपूर्ति तथा वितरण कार्यलाई व्यवस्थापन र नियमन गर्न तथा मलको मापदण्ड सम्बन्धी

विषयमा प्रदेश सरकारलाई सिफारिस गर्न एक प्रदेश मल व्यवस्थापन समिति रहनेछ ।

१३. **<u>प्रदेश मल व्यवस्थापन समितिको गठनः</u>** प्रदेश मल व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -अध्यक्ष

(ख) उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) दफा ९ (१) वमोजिम तोकिएका थोक विक्रेताका प्रतिनिधिहरु मध्येबाट एक जना -सदस्य

(घ) व्यवसायिक कृषक एक जना -सदस्य

(ङ) प्रतिनिधि, प्रादेशिक उद्योग वाणिज्य महासंघ -सदस्य

(च) प्रतिनिधि, कृषि सहकारी संघबाट महिला प्रतिनिधि एक जना -सदस्य

(छ) मल विज्ञ र माटो विज्ञ एक/एक जना -सदस्य

(ज) महाशाखा प्रमुख, मन्त्रालयबाट तोकिए बमोजिम एकजना -सदस्य सचिव

१४. **<u>समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) प्रदेश स्तरमा आवश्यक पर्ने मलको माग अनुसारको परिमाणको प्रक्षेपण गर्ने।

(ख) अनुदानमा प्राप्त मलको न्यायोचित एवम् समानुपातिक वितरण सम्बन्धी मापदण्ड तयार गर्ने।

(ग) प्रदेश भित्रका जिल्लाहरुमा वितरण हुने मलको जिल्लागत परिमाणको कोटा निर्धारण गर्ने ।

(घ) प्रदेश सरकारले अवलम्वन गर्नुपर्ने मल सम्बन्धी नीति, कानून र मापदण्डहरुको तर्जुमा तथा संशोधन सम्बन्धी विषयमा मन्त्रालयलाई राय सहित सिफारिस गर्ने ।

(ङ) मलको गुणस्तर परीक्षणको व्यवस्था मिलाई वितरण गर्ने ।

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

परिच्छेद - ५

## मलको गुणस्तर मापदण्ड र निरीक्षण

१६. **मलको गुणस्तरः** मलको गुणस्तरको मापदण्ड प्रदेश सरकारले तोके अनुसार हुनेछ ।

१७. **मलको निरीक्षणः** (१) मलको निरीक्षण दफा १९ अनुसारको योग्यता प्राप्त निरीक्षकद्वारा गरिनेछ।

(२) कृषि ज्ञान केन्द्रले समय-समयमा अनुगमन र निरीक्षण गरी चौमासिक प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) ऐनको व्यवस्था पालना भए नभएको निरीक्षण मल निरीक्षकले गर्नेछ ।

१८. **प्रयोगशाला सम्बन्धी व्यवस्थाः** मलको गुणस्तर परीक्षण आधिकारीक प्रादेशिक स्तरको माटो परिक्षण प्रयोगशाला वा अन्य मान्यता प्राप्त प्रयोगशालामा गरिनेछ ।

१९. **मल निरीक्षकको व्यवस्थाः** (१) मल निरीक्षकको नियुक्ती तथा योग्यता सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ ।

(क) मलको बिक्री वितरण तथा नियमनका लागि तोकिए बमोजिम मल निरीक्षक रहनेछन्।

(ख) मल निरीक्षकको नियुक्ती मन्त्रालयले गर्नेछ ।

(ग) मल निरीक्षक कम्तिमा अधिकृत स्तरको स्थायी कर्मचारी हुनु पर्नेछ ।

(घ) मल निरीक्षकको न्यूनतम् शैक्षिक योग्यता कृषि विज्ञानमा स्नातक पास गरेको हुनु पर्नेछ।

(ङ) मल निरीक्षकले मन्त्रालयले तोके अनुसारको तालिम लिएको हुनु पर्नेछ ।

(च) माथि जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयले प्रभावकारी नियमनका लागि उल्लिखित योग्यता पुगेका जुनसुकै अधिकृतलाई मल निरीक्षक तोक्न सक्नेछ।

२०. **मल निरिक्षकको काम, कर्तव्य र अधिकारः** मल निरिक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - ६

**मल विक्री वितरण सम्बन्धी व्यवस्था**

२१. **मापदण्ड पुगेको मल मात्र बिक्री वितरण गर्नु पर्नेः** (१) प्रत्येक मल उत्पादक, वितरक फर्म, कम्पनी वा संस्थाले सरकारले तोके अनुसारको मापदण्ड पुगेको मलमात्र बिक्री वितरण गर्नु पर्नेछ ।

(२) मल वितरक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मलको कृत्रिम अभाव सिर्जना हुने गरी मलको मौज्दात लुकाउने वा मनपरी मूल्य बढाउन पाईने छैन ।

परिच्छेद - ७

**अनुसन्धान तथा तहकिकात**

२२. **मुद्दाको तहकिकात र दायरीः** (१) मुद्दाको प्रारम्भिक अनुसन्धान गर्ने अधिकार मल निरीक्षकलाई हुनेछ ।

(२) यस ऐन अनुसारको मुद्दा प्रदेश सरकारवादी हुनेछ।

(३) मुद्दाको प्रारम्भिक सुनुवाई गर्ने अधिकार मन्त्रालयबाट तोकिएको अधिकारीलाई हुनेछ।

(४) तोकिएको अधिकारीले गरेको फैसला उपर चित्त नबुझे मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सकिनेछ।

परिच्छेद - ८

## दण्ड सजाय

२३. **दण्ड सजायः** (१) दफा ४ को उपदफा (१) बमोजिम अनुमति नलिई मल उत्पादन गरेमा त्यस्तो संस्था वा फर्म बन्द गरी पचास हजार रुपैंया जरिवाना गरिनेछ ।

(२) दफा ५ बमोजिम कसैले अनुमति नलिई मल बिक्री वितरण गरेमा दश हजार रुपैया देखी पचास हजार रुपैयासम्म जरिवाना हुनेछ ।

(३) दफा २१ को उपदफा (१) वा (२) को कसुरमा मल उत्पादक, वितरक, कम्पनी वा संस्थालाई पच्चीस हजार देखि पचास हजार रुपैंयासम्म जरिवाना हुनेछ।

परिच्छेद - ९

## विविध

२४. **आवश्यक सहयोग गर्नुपर्नेः** यस ऐन बमोजिम कार्य गर्दा निरीक्षकले सहयोगका लागि अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा सम्बन्धित निकाय तथा अधिकारीको आवश्यक सहयोग गर्नु कर्तव्य हुनेछ।

२५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य हासिल गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

प्रमाणीकरण मितिः २०७६/०१/२३

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय